Email: dipak.dhakal@cdn.tu.edu.np DOI: https://doi.org/10.3126/vangmaya.v18i1.47063

# अष्टाध्यायी व्याकरणमा सूत्रशैली

**दीपकप्रसाद ढकाल**


## लेखसार

*प्रस्तुत लेख अष्टाध्यायी व्याकरणमा सूत्र शैलीको अध्ययनमा केन्द्रित छ । अष्टाध्यायी पाणिनि (इ. पू. ४५०–४००) द्वारा वैदिक र लौकिक संस्कृतमा भएका भाषिक व्यवस्थालाई नियमन गरिएको व्याकरण हो । करिब चार हजार सूत्रलाई पाणिनिले तिनको प्रकार्यका आधारमा प्रस्तुत गरेका छन् । यी सूत्रले व्याकरणमा विशेष शैलीगत स्वरूप प्राप्त गरेका छन् । यस व्याकरणको अन्य पक्षबाट अध्ययन भए पनि सूत्रको प्रकार तथा तिनका बिचको पारस्परिक अन्तरनिर्भरताका विषयमा अध्ययन भएको छैन । त्यही रिक्तताको परिपूर्तिका लागि अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो । त्यसका लागि सामग्री सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण वर्णनात्मक तथा व्याख्यात्मक विधि प्रयोग गरिएको छ । सूत्र, तिनका पदार्थगत अन्वय र सङ्क्षिप्त नियमनका स्वरूप दिएर शोध्य विषयलाई सामान्यीकरण गरिएकाले विश्लेषण निगमनात्मक पद्धतिमा आधारित छ । अष्टाध्यायीमा प्रस्तुत गरिएका संज्ञा, परिभाषा, विधि, नियम, अतिदेश, अधिकार गरी छओटा सूत्रका प्रकार एवं अध्याहार र अनुवृत्ति सूत्रका बिचका प्रविधिगत अन्तर्सम्बद्धता हो भन्ने यस लेखको निष्कर्ष हो ।*


**शब्दकुञ्जी :** सूत्रशैली, अध्याहार, अनुवृत्ति, प्रत्याहार, रूपसिद्धि ।

## [The Formulation Style of the Sutra in *Ashtadhyayi* Grammar

**Deepak Prasad Dhakal**


## Abstract

The present article focuses on the study of the formulation style of the sutra in *Ashtadhyayi* grammar. *Ashtadhyayi* is the grammar regulated on the linguistic system in Vedic and classical Sanskrit by Panini (450-400 BC). Panini has presented about four thousand sutras based on their functions. These sutras have acquired a special stylistic form in grammar. Although other aspects of this grammar have been studied, the type of sutra and the interdependence between them have not been studied. The main purpose of this article is to study to fill that critical gap. For that, data has been collected through library work. The descriptive and explanatory method of analysis of the collected data has been used. The analysis is based on the deductive method, as the subject matter is generalized by giving the form of the sutras, its semantic coherence, and brief regulation. This article concludes in *Ashtadhyayi* that there is a technical interrelationship between the types of six sutras, *sanjna*, *paribhasha, vidhi, niyama*, *atidesha*, *adhikara* and *adhyahara* and *anuvritti.*


**Keywords:** style of sutras, adhyahar, anuvritti, roopSanjana]

## विषयपरिचय

पाणिनि (इ. पू. ४५०–४००) कृत् अष्टाध्यायी पूर्वीय व्याकरण चिन्तनको महत्त्वपूर्ण स्मारक हो । यसलाई मानव मेधाको हालसम्मकै कालजयी उपलब्धिका रूपमा पाश्चात्य भाषावैज्ञानिक ब्लुमफिल्डले स्वीकारेका छन् । यसको विशिष्टता भनेकै सूत्रहरूको संरचनात्मक व्यवस्था हो । पाणिनिले वैदिक कालीन र लौकिक कालीन संस्कृतको जनबोलीका तहबाट प्राप्त सूचनालाई सामान्यीकरण र नियमन गरी भाषाको सूत्रबद्ध व्यवस्था विकास गरे । कुल ३९९७ (सूत्रपाठ ३९८३ + माहेश्वर १४) सूत्रको समष्टिको संरचनात्मक प्रविधि नै सूत्रशैली हो । प्रस्तुत अनुसन्धानात्मक लेखमा पाणिनिले तत्कालीन वैदिक तथा लौकिक कालमा पनि सूत्रको अतिसङ्क्षिप्त स्वरूप, सूत्रका बिचमा पनि सुसम्बद्धता, रूपसिद्धिका विविध रूपध्वनिगत प्रक्रिया जस्ता विषयलाई कसरी सूत्रपाठमा समेटेका छन् भन्ने विषयलाई मुख्य शोध्य विषय बनाइएको छ । सूत्रको निर्माण तिनको पाठगत क्रम जस्ता विषयको विश्लेषणात्मक अध्ययनका निम्ति पाणिनिकृत सूत्रपाठलाई मुख्य आधार बनाइएको छ । सूत्रको प्रविधिपूर्ण प्रयोग र तिनका बिचको पारस्परिक निर्भरताको अध्ययनका निम्ति महाभाष्य, सिद्धान्त कौमुदी, मध्य तथा लघु सिद्धान्त कौमुदी आदि प्रस्तुत लेखमा द्वितीयक समाग्री हुन् ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानात्मक लेख पुस्तकालयबाट प्राप्त सामग्री विश्लेषणमा आधारित छ । त्यसैले यसमा पुस्तकालयमा उपलब्ध अष्टाध्यायी सूत्र पाठलाई प्राथमिक र सूत्र पाठसँग सम्बद्ध सामग्रीलाई द्वितीयका रूपमा प्रयोग गरिएको छ । यसमा सामग्री चयनको आधार सोद्देश्यमूलक छनोट हो । सामग्री चयनको सिलसिलामा पाणिनिकृत अष्टाध्यायीलाई प्राथमिक र अष्टाध्यायीसम्बद्ध भाष्य, सिद्धान्त कौमुदी (लघु सिद्धान्त कौमुदी, मध्य सिद्धान्त कौमुदी) लाई द्वितीयकका रूपमा प्रयोग गरिएको छ । अष्टाध्यायीमा संरचित सूत्र र तिनका बिचको प्रकार्यगत भेद प्रस्तुत अनुसन्धानात्मक लेखमा मुख्य शोध्य समस्या हो । अष्टाध्यायीमा संरचित सूत्रहरू प्रकार्यगत रूपले विविध छन् भन्ने प्राक्कल्पनालाई यसमा पुष्टि गरिएको छ। सूत्रहरूका बिचको पारस्परिक निर्भरता र सम्बद्धतालाई जोड्न पाणिनिले प्रयोग गरेका अध्याहार र अनुवृत्ति व्यवस्थालाई प्रस्तुत लेखमा सहायक प्राक्कल्पनाका रूपमा प्रयोग गरिएको छ । यसको प्रयोगले सूत्रका बिचको पारस्परिक समन्विति कसरी तयार भएको छ भन्ने विषय विशिष्ट सहायक समस्या हो ।

## अष्टाध्यायी व्याकरणमा सूत्रशैली

अष्टाध्यायी प्राचीन वैदिक र जनबोली (भर्नाकुलर)/लौकिक संस्कृतको तथ्याधारित नियमन हो । तत्कालीन संस्कृतको भाषिक विशिष्टता र प्रकार्यलाई नै पाणिनिले सामान्यीकरण गरी सूत्र विधान गरेका हुन् । सूत्रहरूको प्रकृति, सङ्क्षिप्त स्वरूप, परिभाषात्मक कार्य, निषेधजनक कार्य, कार्यक्षेत्र निर्देशका कारण अष्टाध्यायीका सूत्रको निश्चित शैली निर्माण भएको छ । यसका अतिरिक्त पाणिनिमा प्रयुक्त सूत्रका संरचनात्मक विशिष्टता पनि छन् । यसमा अध्यायविधान, अध्यायभित्रका पाउको विधान तथा पाउभित्रका सूत्रको पूर्वापर विधान जस्ता संरचनात्मक प्रविधिको पक्ष बेजोड छ । सूत्रको यसप्रकार को शैली विधानलाई पाणिनिउत्तरका वैयाकरणहरूले यसप्रकार सूक्तिबद्ध गरेका छन् :

संज्ञा च परिभाषा च विधिर्नियम एव च ।

अतिदेशोऽधिकारश्च षड्विधं सूत्रलक्षणम् ॥ (शास्त्री, सन् २०१२ : पृ. ६१)

पाणिनिउत्तरका आचार्यले प्रस्ताव गरेका यस सूक्तिमा मूलत : छ प्रकारका सूत्र रहेको पदार्थगत अन्वय पाइन्छ । तिनलाई संज्ञा सूत्र, परिभाषा सूत्र, नियम सूत्र, विधि सूत्र, प्रतिशेध सूत्र, अधिकार सूत्र गरी सम्बन्धित उपशीर्षकअन्तर्गत अध्ययन गरिएको छ ।

## संज्ञा सूत्र

पाणिनिले अष्टाध्यायीमा सूत्रहरूको सम्बन्धलाई सूत्रात्मक, व्यवस्थित, वैज्ञानिक, सुसम्बद्ध र सञ्जालपूर्ण प्रविधिको रूपमा संरचित गरे । यस्ता सम्बन्धलाई अध्ययन र व्यवस्थित गर्दै लैजान निश्चित संरचनालाई खास नाम दिई त्यसैलाई आधार मानेर व्याकरणिक प्रक्रियालाई अगाडि बढाउनु पर्ने हुन्छ । यसरी पश्चवर्ती व्याकरणिक व्यवस्था र सूत्रहरूको कार्य आधार हुने गरी खास नाम दिन आएका सूत्रहरूलाई संज्ञा सूत्र भनिन्छ । पाणिनिले अष्टाध्यायीको पहिलो अध्यायमा नै प्राय : संज्ञा सूत्र र परिभाषा सूत्रको व्यवस्था गरेका छन् । यस आधारमा पाणिनि संज्ञा र परिभाषा सूत्रको आधारभूत भूमिका रहने गरी अष्टाध्यायीको संरचनामा प्रवृत्त थिए भन्ने पुष्टि हुन्छ ।

पाणिनिले विविध प्रयोजनलाई अधार मानेर संज्ञा दिने व्यवस्था अवलम्बन गरेका छन् । यसको पुष्टि अष्टाध्यायीमा आएका संज्ञा सूत्रको भूमिका, तिनले अन्य सूत्रसँग राख्ने सम्बन्ध, व्याकरणिक प्रयोजन वा रूप सिद्धिका क्रममा तिनले खेल्ने अन्तरसम्बन्धले पुष्टि गर्दछ ।

संज्ञा सूत्र, व्याकरणका विविध विषयवस्तुलाई पारिभाषीकरण गर्ने र सूत्रबद्ध संरचना निर्माणमा सहज भूमिका खेल्ने सङ्केत हुन् । यस्ता सूत्रले अष्टाध्यायीमा प्रयोग भएका पारिभाषिक शब्दको परिचय दिएका छन् । यी सूत्र व्याकरणात्मक अवधारणालाई नामकरण र नियमनका निम्ति सहयोगी देखिन्छन् । अष्टाध्यायीमा संरचित संज्ञा सूत्रलाई पनि ‘सामान्य संरचनापरक संज्ञा’ र ‘व्याकरणिक प्रयोजनपरक संज्ञा’ सूत्रका रूपमा विधान गरिएको छ । सामान्य संरचनापरक संज्ञा आधारभूत र प्राथमिक नामकरण हुन् भने व्याकरणिक प्रयोजनपरक संज्ञा रूप सिद्धि वा सन्धि प्रक्रियाका तहमा देखा पर्ने सहायक नामकरण हुन् ।

## समान्य संरचनापरक संज्ञा

पाणिनिले उत्तरवर्ती अध्याय र तिनमा विधान गरिएका परिभाषा, प्रतिषेध, अधिकार, विधि आदिको प्रस्तुति गर्दा सूत्रबद्ध संरचना तयारीका निम्ति निर्माण गरेका सूत्र सामान्य संरचनापरक संज्ञा हुन् । यिनको विवरणलाई यसप्रकार दिइएको छ :

## सूत्र अवधारणा

अदर्शनं लोपः (१।१।६०) जुन संरचना देखिएको छैन त्यो लोप हुन्छ ।

तस्य लोपः (१।३।९) हल् संज्ञा दिइएका वर्णको लोप संज्ञा हुन्छ ।

वृद्धिरादैच् (१।१।१) (आत्, ऐच्) आ, ऐ, औ, लाई बृद्धि संज्ञा दिइएको छ ।

अदेङ् गुणः (१।१।२) (अत्, एङ् ) अ, ए, ओ, लाई गुण संज्ञा दिइएको छ ।

विरामोऽवसानम् (१।४।१०) विरामलाई अवसान संज्ञा दिइएको छ ।

अष्टाध्यायीले विधान गरेका संज्ञा सूत्रलाई पनि पछिल्ला वैयाकरण र टिकाकारले उपयोगिताका आधारमा वर्गीकरण गरेका छन् । विशेषत : सिद्धान्त कौमुदीका संज्ञा प्रकरणहरूले सन्ध्युपयोगी सूत्रशैलीलाई संज्ञा प्रकरण अन्तर्गत समेटेका छन् । त्यसैले अष्टाध्यायीमा संरचित सूत्रलाई आवश्यक्ताअनुसार संज्ञा सूत्रको विधान र तिनको टीका गरिएको पाइन्छ ।

## व्याकरणिक प्रयोजनपरक संज्ञा

पाणिनिले लौकिक संस्कृतको नियमन र सूत्र विधान गर्नका निम्ति अत्याधिक सन्धिको प्रयोग गरेका छन् । त्यसैले सन्धिद्वारा रूप सिद्धि गर्नका निम्ति आधारभूत प्रक्रियाभित्र पर्न आउने संज्ञासूत्र पनि प्रयोग भएका छन् । रूप सिद्धिका क्रममा प्रयोग हुन आएका त्यस्ता व्याकरणिक प्रयोजनपरक संज्ञा सूत्रलाई यसप्रकार उल्लेख गरिएको छ :

### सूत्र अवधारणा

तस्य लोप (१।३।९) त्यसको लोप हुन्छ ।

तुल्यास्यप्रयत्नम्सर्वणम् (१।१।९) तालु आदि स्थान र अभ्यन्तर प्रयत्न एक भएको वर्णलाई सवर्ण संज्ञा दिइएको छ ।

अणुदित्सर्वणस्यचाप्रत्यय (१।१।६९) अण् प्रयाहारका स्वर र उदित (कुचुटुतुपु) लाई सवर्ण संज्ञा दिइएको छ ।

## परिभाषा सूत्र

समान्य सूत्रले निर्देश गरे अनुसारको रूपसिद्धि प्रक्रिया वा व्याकरणात्मक प्रयोजन सिद्ध नहुने अवस्था पनि हुन सक्तछ । यो वहुवैकल्पिक वितरणको अवस्था हो । यस्तो अवस्थामा विशेष व्याख्या र निर्णयको सुविधा प्राप्त सूत्र आकर्षित हुन्छन् । यस्ता सूत्रलाई परिभाषा सूत्र भनिन्छ ।

### सूत्र अवधारणा

स्थानेअन्तरतम (१।१।५०) एकै स्थानमा धेरै वर्णको उपस्थिति हुने अवस्था आए स्थानगत निकटताको आधारमा स्थानापन्न वर्ण यकिन गर्नु पर्छ ।

तस्मिन्निति निर्दिष्टे पूर्वस्य (१।१।६६) पूर्वमा भनिए अनुसार यथा रूप ।

विप्रतिषेधे परं कार्यम् कुनै दुई सूत्रका बिचमा प्रकार्यगत विवाद भएमा वा प्रतिशेध भएमा पछिल्लो सूत्र प्रभावकारी हुन्छ र रूपसिद्धिमा प्रयोग गर्नु पर्छ ।

## विधि सूत्र

पाणिनिले नियमनको तात्पर्य परिपूर्ती गर्नका निम्ति तय गरेका सूत्रलाई विधि सूत्रका रूपमा प्रयोग गरेका छन् । यसलाई 'विधीयते स विधिर्विधानां' भनेर पाणिनिउत्तरका वैयाकरणाचर्यले परिभाषित गरेका छन् (शास्त्री, सन् २०१२ पृ. ६०) । पाणिनिले समास, कृदन्त, तद्दित, लोप, आगम, वर्णविकार गर्ने विविध सूत्रको प्रयोग अष्टाध्यायीमा गरेका छन् । व्याकरणिक प्रयोजन सिद्ध गर्ने सिलसिलामा प्रक्रिया वा विधान सम्पन्न गर्नका निम्ति आएका सूत्रलाई विधि सूत्रका रूपमा प्रयोग गरिएको छ । अष्टाध्यायीको मुख्य विशेषता भनेकै रूपसिद्धिसँग सम्बद्ध प्रक्रियाको नियमन हो । त्यसैले पाणिनिले विधि सूत्रलाई विशेष प्राथमिकताका साथ प्रयोग गरेका छन् । वर्ण लोप, वर्ण आगम, वर्ण विकार, वर्णको क्रम परिवर्तन जस्ता प्रक्रियममा विधि सूत्र आकर्षित हुन्छन् । जस्तै :

### सूत्र अवधारणा

इकोयणचि (६।१।७७) इकको स्थानमा यण् आगम हुन्छ पर परिवेश अच् भए

आद्‌गुण (६।१।८७) अ, आ का पछि अच् भए गुण सन्धि हुन्छ ।

एचोऽएवायाव (६।१।७८) एच्का स्थानमा अय्, अव्, आय्, आव् आगम होस् ।

माथिका सूत्रहरूले रूप सिद्धिका क्रममा विविध ध्वनिमा परिवेशगत प्रभाव हुँदा के कस्तो ध्वनि विकार र वर्ण परिवर्तनको प्रक्रिया देखिन्छ भन्ने विषयलाई प्रकाश पारेका छन् । सूत्र (६।१।७७) ले इक् प्रत्याहारका वर्णका स्थानमा यण् प्रत्याहारका वर्ण आगम हुन्छ अर्थात् य, व, र, ल वर्णको आगम हुन्छ । यसै सूत्रसँगै अनुवृत्ति सम्बन्धमा जोडिएको सूत्र (६।१।७८) ले अय्, अव्, आय्, आव् ध्वनि समुच्चयको आगम हुने विधिलाई विधान गरेको छ । यसले रूप सिद्धिका क्रममा रूप र ध्वनिगत परिवेशको प्रभाव स्वरूप देखा पर्ने लोप, आगम, आदेश र क्रम परिवर्तनको अवस्थालाई विधान गरेको छ । त्यसैले यो पनि विधि सूत्र हो । त्यसैगरी सूत्र (६।१।८७) ले पनि रूप ध्वनि प्रक्रियाको विशिष्ट अवस्थालाई नियमन गरेको छ । यसले पनि अघिल्लो रूपको अन्त्यमा अ, आ मध्ये कुनै एक स्वर र पछिल्लो रूपको आरम्भमा अच् प्रत्याहारका सदस्य वर्णहरू (अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ) आएका छन् भने त्यस्तो अवस्थामा *अदेङ्‌गुण* हुन्छ अर्थात् ध्वनिको आगम र क्रम परिवर्तन हुँदा अ, ए, ओ हुने प्रक्रियालाई नियमन गरेको छ । यसप्रकार रूप सिद्धिको क्रममा देखा

पर्ने ध्वनिगत विशिष्ट अवस्थालाई विधान गरेका कारण यिनलाई विधि सूत्र नामकरण गरिएको हो ।

## अधिकार सूत्र

आफ्नो विषयगत दायरालाई समेट्ने वा प्रत्यक्षतः समान अवधारणाको निरन्तरतालाई निश्चित क्रममा व्यवस्थित गर्ने सूत्रहरू अधिकार सूत्र हुन् । पाणिनिले अष्टाध्यायीमा पूर्वापर सूत्रविधान गर्दा व्याकरणिक प्रयोजनलाई प्राथमिकतामा राखेका छन् । सूत्रको निर्माण आफैंमा थोरैबाट धेरै भन्ने वा वर्णनात्मक विधिका आधारमा बिस्तारपूर्वक विषयलाई राख्ने योजना हो । पाणिनिले यस्ता अधिकार सूत्रको विधान गर्दा अनुवृत्तिको प्रविधिलाई पनि सूत्रशैली बनाएका छन् । माथिबाट कुनै सूत्रको विषयगत व्यापकता वा विस्तारलाई हेर्दा त्यो अधिकारको विषय बन्दछ तर तलबाट माथितिर हेर्दा त्यसमा प्रारम्भमा आएको अधिकार सूत्रको अवधारणागत तन्काइ वा निरन्तरता निर्माण भएको हुन्छ । त्यसैले जहाँ अधिकार सूत्रको विधान भएको हुन्छ त्यहाँबाट फरक व्याकरणिक प्रयोजन सम्बद्ध अर्को अधिकार सूत्र नआउन्जेल अनुवृत्तिको निरन्तर क्रम निर्माण भएको हुन्छ । पाणिनिले कुनै अधिकार सूत्रको क्षेत्रगत दायरा बिस्तारपूर्वक विकास भएमा उपगुच्छ वा अनुवृत्त अधिकार सूत्रको पनि विधान गरेका छन् । यसप्रकारको गणितीय प्रविधिको प्रयोग इपू ४५०–४०० बिचमा गर्नु अति वैज्ञानिक र मेधापूर्ण सोचको परिणाम हो । आजको विज्ञानले आविष्कार गरेको कम्प्युटरले समेत पाणिनिको यस प्रविधिलाई सफ्टवेरका संरचनामा प्रयोग गरेको छ । जसरी आजको कम्प्युटरले कुनै विकल्पमा थिच्दा त्यसका उपसमुच्चयगत विकल्पहरू बताउँछ तर ती सबैको आरम्भमा रहेको मूल विकल्प एकै हुन्छ । त्यस्तै विधान अधिकार सूत्रको क्रम निर्धारणमा प्रयोग भएको पाइन्छ ।

पाणिनिले अधिकार सूत्रको समान प्रकृति भएका पूरक सूत्रको पनि व्यवस्था गरेका छन् । यी सूत्रले कुनै उपसमुच्चयको नेतृत्व त गर्दैनन् तर अधिकार सूत्रको लगत्तै पछि आएर धारणागत समता वा निरन्तरता भने दिन्छन् (आचार्य, २०६३, पृ. ८८) । अघिल्लो सूत्रको हुबहु धारणालाई केही थाप विषयको साथमा निरन्तरता दिनु नै पूरक सूत्रको मुख्य प्रयोजन हो । जस्तै :

अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम् (१।२।४५)

पदार्थगत अन्वय = (अर्थवद् अ-धातुर् अ-प्रत्ययः प्रातिप्रदिकम्)

अर्थात् त्यस्ता अर्थवत् एकाइ जो धातु र प्रत्यय होइनन् तिनलाई प्रातिपदिक भनिएको छ । यस सूत्रले प्रातिपदिक वर्गमा पर्ने एकाइको निर्धारण आधार दिएको छ । प्रातिपदिक वर्गमा पर्ने अवधारणालाई निरन्तरता दिनका निम्ति पाणिनिले लगत्तै पछि पूरक सूत्रको पनि विधान गरेका छन् ।

कृत्तद्दित समासाश्च (१।२।४६)

पदार्थगत अन्वय = (कृत् +तद्दित + समासमा पनि)

यसरी पाणिनिले अधिकार सूत्रको योजना बनाउँदा पूरक सूत्र र अनुवृत्ति सूत्रको व्यवस्थित नियमन तयार गरेका छन् । अर्थवत् एकाइ जो कृत, तद्दित र समास हुन् तिनलाई पनि प्रातिपदिक वर्गमा राखिएको छ ।

## सूत्र अवधारणा

अव्ययीभाव : (२।१।५) यस पछिका सूत्र अव्ययीभावसमासमा आधारित छन् ।

कारके (१।४।२३ यस पछिका सूत्र कारकसँग सम्बद्ध छन् ।

तत्पुरुष : (२।१।२२) यस पछिका सूत्र तत्पुरुष समाससँग सम्बद्ध छन् ।

प्रत्यय : (३।१।१) यस पछिका सूत्रहरू प्रत्यय सम्बद्ध रहने गरी विधान गरिएका छन् ।

धातो :(३।१।९१) यस पछिका सूत्रहरू धातु सम्बद्ध रहने गरी विधान गरिएका छन् ।

उल्लिखित सूत्रहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेका अन्य सूत्रमा अवधारणा वा आशयगत निरन्तरताको भूमिका

खेलेका छन् । सूत्रहरूका बिचमा पारस्परिक सुसम्बद्धता होस् र वैदिक तथा लौकिक संस्कृत भाषाका व्याकरणिक प्रचलन वा स्वरूपको नियमन होस् भन्ने अभीष्ट यसमा रहेको छ । अधिकार सूत्र र त्यसको अधिकार क्षेत्रभित्रको सुसम्बद्ध व्यवस्थालाई यसप्रकार देखाइएको छ :

कारके (१।४।२३) कारकको क्षेत्र आरम्भ भयो

ध्रुवमपायेअपादानम् (१।४।२४) अपाय (विलोप) मा जुन स्थिर हुन्छ त्यो अपादान कारक हुन्छ ।

जनिकर्तुः प्रकृतिः (१।४।३०) जायमान (जनिकर्तु), जन्मको आशयमा अपादान कारक हुन्छ ।

भुवः प्रभवः (१।४।३१) भू (पृथ्वी) बाट प्रभव (उत्पन्न) को आशयमा अपादान कारक हुन्छ ।

कर्मणा यमभिप्रैति स सम्प्रदानम् (१।४।३२) केही प्राप्त गर्ने व्यक्ति वा संस्थालाई सम्प्रदान कारक भनिन्छ ।

माथि दिइएका सूत्रहरू समान व्याकरणिक प्रकार्यको प्रयोजनका निम्ति पाणिनिले विधान गरेका हुन् । उल्लिखित सूत्रहरू मध्ये आरम्भमा आएको 'कारके (१।४।२३)' ले अब कारक सम्बन्धी व्याकरणिक प्रकार्यको चर्चा शुरु हुन्छ भन्ने निर्देश गरेको छ । यसैलाई क्रमशः सूत्रबद्ध रूपमा अनुशरण गर्ने वा 'कारके'ले आफ्नो व्याकरणिक धारणागत अधिकारको परिधि निर्माण गर्ने क्रममा स्वतन्त्र कर्ता (१।४।५४) आएको छ । यस बिचमा आएका (१।४।२४), (१।४।३०), (१।४।३१), (१।४।३२) सूत्रहरू पनि कारके (१।४।२३) को व्याकरणिक अवधारणालाई रिन्तरता दिनका निम्ति आएका छन् । आरम्भको सूत्र कारकेमा एक पटक कारक शब्दको विधान गरेपछि त्यसपछिका सूत्रमा 'कारक' शब्दको विधान छैन । यसले सूत्रहरूका बिचमा अध्याहार व्यवस्था वा अघिल्लो सूत्रको आशयको निरन्तरताको सूक्ष्म सम्बन्धलाई देखाउँछ । यसैलाई पाणिनीय व्याकरणमा अध्याहार सूत्र शैली भनिन्छ । पछिपछि आएर समान धारणालाई निरन्तरता दिएका कारण यसलाई अनुवृत्ति व्यवस्था पनि भनिन्छ । यसैलाई आजको कम्प्युटर प्रविधिमा पनि प्रयोग गरिएको छ । कुनै सफ्टवेरमा क्लिक गरेपछि त्यससँग सम्बद्ध अन्य प्रकार्यको पनि स्वतः उपस्थिति देखिने र समान प्रकार्यका उपकोटीबाट बाहिर आउँदा जसरी भित्र प्रवेश भएको छ सोही प्रक्रिया देहोरिने प्रविधिको प्रयोग कम्प्युटरमा पाइन्छ । यसप्रकारको वैज्ञानिक, व्यवस्थित, सुसम्बद्ध र सूक्ष्मतामा आधारित सूत्र विन्यासलाई पाणिनिले इ.पू. ४५०–४०० का बिचमा प्रवेश गराउनु नै अभूतपूर्व मानव मेधाको प्रमाण हो ।

## नियम सूत्र

कुनै खास सूत्रको प्रयोजन सिद्ध गर्ने सिलसिलामा अर्को विशेष सूत्रको पनि विधान गरिन्छ र त्यसको समेत प्रयोगले पूर्ववर्ती सूत्र प्रयोगको प्रयोजन पूर्ण हुन्छ भने त्यसलाई नियम सूत्र भनिन्छ । पूरकभई प्रयोजन सिद्ध गर्ने सिलसिलामा आउने भएका कारण यो पूरक सूत्र पनि हो । यस्ता सूत्र विशेष, विशिष्ट वा खास अवस्थासँग सम्बद्ध हुन्छन् । सामान्य अवस्थाका निम्ति पाणिनिले सामान्य नै सूत्रको प्रयोग गरेका छन् तर नियम सूत्र उक्त सामान्य अवस्थामाथि पनि विशेष निर्देश वा आज्ञाको अवस्था हो । अष्टाध्यायीमा विधान गरिएका यस्ता नियम सूत्रको सङ्क्षिप्त विवरण यसप्रकार दिइएको छ :

## सूत्र अवधारणा

परस्मैपदानां (३.४.८२) णल् र अतुस् जस्ता नौ प्रत्यय आदेश हुने

आर्धधातुकस्येड्वलादे (७.२.३५) वलादि आर्धधातुक भएको अवस्थामा

कृततद्धितसमासाश्च (१।२।४६) कृत्, तद्धित र समास पनि प्रातिपदिक हुन् ।

(चौलागाईं, २०७२, पृ.४६)

माथिका सूत्र सामान्य प्रयोजन वा प्रकार्यका निम्ति प्रयोग भएका होइनन् । पाणिनिले जनबोलिका तहबाट प्राप्त गरेका सूचनाका आधारमा सामन्यीकरण गरी नियमन त गरे तर केही यस्ता खास रूपसिद्धि तथा रूपध्वनिको प्रक्रिया पनि भेटे जो सामान्यीकृत नियमबाट

परिभाषित हुने अवस्था रहेन । त्यसैले यस्ता विशेष सूत्रको विधानको जरुरत रह्यो । जस्तै : माथिको (१।२।४६) सूत्रले पूर्ववर्ती सूत्र (१।२।४५) मा विधान गरिएको प्रतिपदिकलाई थप विस्तारपूर्वक राखेको छ । अर्थवत् अधातु र अप्रत्ययलाई प्रातिपदिक भनिएकोमा कृत, तद्धित र समास पनि प्रातिपदिक हुन् भनी विशेष जोड वा नियमनको दायरालाई बिस्तार गरेका छन् ।

## अतिदेश सूत्र

पाणिनिले सूत्रको प्रकार्यगत प्रकृतिका अधारमा नामकरण गर्ने सिलसिलामा अन्य सूत्रमाथिको सकारात्मक हस्तक्षेप वा रूप सिद्धिगत अधिक हस्तक्षेपको प्रकार्य सम्पन्न गर्ने सूत्रको पनि विधान गरेका छन् । यसरी कुनै सूत्रको समानतागत अवधारणाको समेत अधिकार लिई रूप सिद्धिमा भूमिका खेल्ने सूत्र विशेषलाई अतिदेश सूत्र भनिन्छ। पाणिनिले विधान गरेका यस्ता सूत्रलाई पनि कार्यातिदेश र रूपातिदेश गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (शास्त्री, सन् २०१२, पृ. ६३) । कार्य गर्ने सिलसिलामा कुनै सूत्रलाई कुनै अर्को सूत्रको समान मान्नुलाई कार्यातिदेश भनिन्छ । त्यस्तै काम गर्ने सिलसिलामा रूपको अनिवार्यता हुने वा रूपको उपस्थिति वा अस्तित्व विना काम गर्ने क्षमता नहुने प्रकृतिको सूत्र विशेषलाई रूपातिदेश भनिन्छ। कार्यातिदेश सूत्रको प्रकार्यगत अवधारणामा 'स्थानी' 'आदेश' सम्बन्धी अवधारणामा प्रस्ट हुनु आवश्यक हुन्छ । जुन सूत्रको अवधारणागत समताको स्थानमा आएको हो त्यसलाई स्थानी भनिन्छ भने स्थानीका तहमा जुन सूत्र देखा परेको हो त्यसलाई आगम भनिन्छ ।

## अष्टाध्यायीमा सूत्र सुसम्बद्धता

पाणिनिले अष्टाध्यायीका सूत्रलाई प्रविधिपूर्ण सञ्जालको रूपमा समन्वित गरेका छन् । कुनै पनि सूत्र विना तर्क वा सम्बद्धतागत कारण अध्यायका पाउमा समेटिएका छैनन् । सूत्रको प्रकृति नै विस्तारपूर्वक भन्नु पर्ने विषयलाई खाँदिलो र संश्लिटीकृत रूप दिनु भएकाले यिनले सूत्रका बिचको पारस्परिक निर्भरतामा पनि निकै दूरदर्शी र वैज्ञानिक प्रविधि प्रयोग गरेका छन् । सूत्रका बिचमा प्रयोग भएको यस्तो सञ्जाललाई अनुवृत्ति र अध्याहार गरी दुई आधारमा अध्ययन गरिएको पाइन्छ । यी दुवै अवधारणा र तिनको सूत्र साक्ष्यमा आधारित पुष्टिलाई यसप्रकार दिइएको छ :

## अनुवृत्ति

पूर्वसूत्रमा विधान गरिएको रूपसिद्धिप्रक्रियालाई मुख्य आलम्बन बनाई पछिल्ला सूत्रले काम गर्ने सुसम्बद्ध योजना नै अनुवृत्ति हो । कुनै खास वा समान रूपसिद्धिप्रक्रिया भएका सूत्रका बिचमा समानताका आधारमा पाणिनिले सूत्र गुच्छ निर्माण गरेका छन् । यस्तो गुच्छको आरम्भको अधिकार सूत्र हुन्छ भने त्यसको आशयसँग समानता राख्ने पछिल्ला सूत्र उक्त सूत्रको अधिकार क्षेत्र अन्तर्गत पर्दछन् । यसरी अघिल्लो सूत्रको व्याकरणिक आशय पछिल्लो सूत्रमा पनि सूक्ष्म रूपले जोडिदै जानु अनुवृत्ति हो । पाणिनिले अष्टाध्यायीमा प्रयोग गरेका छ प्रकारका सूत्रलाई प्रविधिपूर्ण ढङ्गले प्रयोग गरेका छन् । यी सबै प्रकारका सूत्रभित्र गुच्छका रूपमा समेटिन आएका सूत्रका बिचमा अनुवृत्ति व्यवस्था रहेको छ । जस्तै :

इको यणचि (६।१।७७)
एचोऽयवायाव (६।१।७८)

माथिका दुई सूत्र मध्ये (६।१।७७) मा रूप सिद्धिका क्रममा इक् प्रत्याहारभित्रका वर्ण (अ, इ, उ, ऋ, लृ ) का स्थानमा यण् प्रत्याहारका वर्ण (य्, व्, र्, ल्) को आगम हुन्छ यदि पछिल्लो रूपको आदि स्वर अच् प्रत्याहारका वर्ण (अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ) छन् भने भन्ने व्याख्यात्मक व्याकरणिक प्रक्रियालाई सूत्रबद्ध रूपमा नियमन गरिएको छ । अर्थात् इक्का स्थानमा यण् होस अच् पर परिवेश भए तर पछिल्लो सूत्र (६।१।७८) ले रूप सिद्धिका क्रममा एच् प्रत्याहारका वर्ण (ए, ओ, ऐ, औ) का स्थानमा यवायाव (अय् + अव् + आय् + आव्) आगम हुन्छ मात्र निर्देश गरेको छ। यसरी नयाँ वर्णतात्विक एकाइ

आगम हुँदा पछिल्लो रूपको आदि परिवेश के हुने वा के भएमा भन्ने विषयको विधान गरिको छैन तर रूपसिद्धि गर्नु भनेको दुई परिवेशका बिचमा हुने रूप र ध्वनिका बिचको मिश्रण भएका कारण परिवेश अनिवार्य हुन्छ । यस्तो अवस्थामा अघिल्लो सूत्रमा विधान गरिएको 'अच्' परिवेशलाई यस सूत्रले अनुवृत्ति गरेको छ भन्ने बुझ्नु पर्दछ । यस्तो प्रविधिले सूत्रका बिचको सुसम्बद्धतालाई देखाउँछ भने सूत्र पाठ गर्दा अनुवृत्तिबाट बोध गर भन्ने निर्देश गरेको छ । जस्तै :

अधि + अक्ष = अध्यक्ष / अध् . इ + अक्ष = अध्यक्ष (इ-य्)

अभि + अस्त = अभ्यस्त / अभ् .इ + अस्त = अभ्यस्त (इ-य्) । (अधिकारी, २०५५, पृ. २५५)

माथिका उदाहरणहरूमा इक् प्रत्याहारको वर्ण 'इ' यण् प्रत्यहारको वर्ण 'य्' मा परिवर्तन भएको छ र परको परिवेश अच् छ । यसैलाई सूत्रबद्ध गरी नियमनका निम्ति पाणिनिले (६।१।७७) सूत्र विधान गरेका हुन् । लौकिक संस्कृतबाट शब्द र तिनमा रहेको रूपसिद्धि प्रक्रियाको यति वैज्ञानिक र सुसम्बद्ध स्वरूप सिर्जना गर्न सक्नु नै पाणिनिको मेधापूर्ण ज्ञान हो । अधिकार सूत्रको प्रभाव क्षेत्रभरि अनुवृत्तिको उपयोग गर्नु पर्ने भएकाले पाणिनिले प्रायः सबै सूत्रहरूको बिचमा अनुवृत्ति सम्बन्ध कायम हुने गरी सुसम्बद्धता निर्माण गरेका छन् । अनुवृत्ति सम्बन्धबाट नै सूत्रहरूको पूर्वापर क्रमसम्बन्ध स्थापित हुन्छ र व्याकरणिक प्रकार्य आरम्भ हुन्छ । त्यसैले सूत्रहरू अर्थिने र परिचालित हुने आधार नै पाणिनिले प्रयोग गरेको अनुवृत्ति व्यवस्था हो । जस्तै :

ध्रुवमपायेऽपादानम् (१।४।२४) भनेर अपादान कारकको अभिलक्षण बताएपछि यस लगत्तै आएका अन्य सूत्रले अपादान भन्ने पारिभाषिक शब्द छोडी मूल अभिलक्षणलाई मात्र सूत्रबद्ध गरेका छन् । जस्तै :

ध्रुवमपायेऽपादानम् (१।४।२४)
भित्रार्थानाम् भयहेतु : (१।४।२५)
जनिकर्तुः प्रकृतिः (१।४।३०)
भुवः प्रभवः (१।४।३१)

माथिका सूत्रहरूमा पहिलो (१।४।२४) पछि आएका अन्य सूत्रले अपादान शब्दलाई सूत्र संरचनामा निरन्तरता दिएका छैनन् तर ती सूत्र पनि अपादान कारकसँग सम्बद्ध रहेका छन् । ती सूत्रको अन्त्यमा सूत्रपाठकर्ता स्वयंले ' अपादानम्' शब्दलाई अनुवृत्ति गरी निरन्तरता दिनू भन्ने प्रविधि निर्देश गरिएको छ । पाणिनिले अष्टाध्यायीको सूत्र सञ्जाललाई सार्थक र प्रकार्यपरक बनाउनका निम्ति अनुवृत्तिलाई महत्त्वपूर्ण आधार बनाएका छन् । त्यसैले अष्टाध्यायीको सूत्र शैलीमा यो महत्त्वपूर्ण पक्ष हो ।

## अध्याहार

परस्पर सम्बन्ध भएका सूत्रका बिचमा अन्यत्रको कुनै स्थानबाट तानेर ल्याई जोड्ने वा व्याकरणिक प्रकार्य सम्पन्न गर्ने सूत्र प्रविधि नै अध्याहार व्यवस्था हो । सरसर्ती हेर्दा अध्याहार र अनुवृत्ति समान प्रविधि हुन् कि जस्तो द्विविधा अनुभव हुन्छ तर अनुवृत्तिमा सूत्रको आंशिक स्वरूप मात्र दोहोरिन्छ र व्याकरणिक प्रयोजन पूर्ण गरिन्छ भने अध्याहारमा सूत्रको पूरै संरचना व्याकरणिक प्रयोजनका निम्ति उपयोग गरिन्छ । कुनै एक स्थानमा सूत्रलाई सूचीकृत गरेपछि त्यहीँबाट आवश्यक्ताअनुसार अन्यत्र सारेर व्याकरणिक प्रयोजन पूर्ण होस् भन्ने धारणा पाणिनिको छ । पाणिनिले व्याकरणिक प्रयोजनका दृष्टिले निकट सम्बन्ध रहेका सूत्रलाई एक अर्कोसँग परस्परको सम्बन्धमा जोड्न अध्याहार प्रविधिको प्रयोग गरेका हुन् । सूत्रलाई अतिसङ्क्षिप्त र थोरैमा धेरै भन्न सक्ने बनाउने क्रममा यिनले अध्याहार शैली प्रयोग गरी पुनरुक्ति दोषलाई निवारण गरेका छन् ।

सूत्रको अध्याहारित प्रक्रिया आवश्यकता र रूपसिद्धिको विधिसँग सम्बद्ध हुन्छ । कुन सूत्रको अध्याहार कहाँ, कति बेला, कति पटक भन्ने निर्धारित हुन्न । आवश्यकताअनुसार कुनै एक स्थानमा सूत्रलाई सूचीकृत गरेपछि उक्त सूत्र अन्यत्र प्रयोग गरी सूत्रपाठको सङ्क्षिप्तता नखल्बलियोस् र

भाषाको व्याकरणिक प्राबधानमा खलल नपुगोस् भन्नका हेतु यसो गरिएको हो । जस्तै :

हलन्त्यम् (१।३।३), अदर्शनं लोप (१।१।६०), तस्य लोप (१।१।९), आदिरन्त्येन सहेता (१।१।७१), तुल्यास्यप्रयत्नं सवर्णम् (१।१।९), इकोऽयणचि (६।१।७७), स्थानेऽन्तरतमः (१।१।५०), यथासङ्ख्यमन्नुदेशः समानम् (१।३।१०)

माथिका सूत्रहरूमा (१।३।३)ले अन्त्यमा आएको व्यञ्जन हल् होस् । अर्थात् हल् प्रत्याहार भित्रका व्यञ्जनहरू भन्ने अर्थ दिएको छ भने रूपसिद्धिका क्रममा यिनलाई इत् संज्ञा दिइएको छ । यो व्याकरणिक प्रयोजन विधान गर्ने सिलसिलामा जहाँ पनि प्रयोगमा आउँछ । त्यसैले अध्याहारित हुने सूत्र हो । (१।१।६०) ले रूपसिद्धिका क्रममा ध्वनिको विलय हुने वा प्रयोगबाट हराउने अवस्था आएमा त्यसलाई लोप मानेर अगाडि बढ्न निर्देश गरेको छ । त्यसैले यो पनि आवश्यकता अनुसार कुनै पनि स्थानमा अध्याहारित भई वितरण हुने सूत्र हो । (१।१।९) रूपध्वनि प्रक्रियाका क्रममा हल् भएको व्यञ्जन स्वतः हट्ने प्रावधान रहेका कारण जहाँ हल् व्यञ्जनको उपस्थिति देखा पर्छ तत्काल त्यो लोप हुन्छ भन्ने निर्देश गरेको छ । (१।१।७१) ले प्रत्याहार निर्माणको क्रममा आदि र अन्त्य सहितको वर्ण समुच्चय लिइन्छ र कतै रूपसिद्धिको अवस्था आउँदा आदिदेखि अन्त्यसम्मका सबैलाई लिइन्छ भनिएको छ । यसले पनि वितरणको सर्वस्थानिक भूमिकालाई जनाएका कारण अध्याहारित हुने सूत्र हो । (१।१।९) ले तालु आदि बाह्याभ्यन्तर स्थान समान भएको अवस्थामा सवर्ण संज्ञा हुन्छ भनी अकःसवर्णे दीर्घः (१।१।१०१) सूत्रको आकर्षणलाई जनाएको छ । जहाँ दीर्घ सन्धिको अवस्था आउँछ त्यहाँ (१।१।९) वितरण भई अध्याहारित रूप प्राप्त गर्ने देखिन्छ ।

यसप्रकार पाणिनिले संरचना गरेका सूत्रहरू प्रयोग र प्रयोजनको अवस्थाअनुसार विविध स्थानमा वितरण भई रूपसिद्धि वा अन्य व्याकरणिक प्रक्रिया सम्पन्न गर्ने प्रकृत्तिका छन् । यिनलाई पाणिनिले कुनै एक स्थानमा सूचीकृत गरी अध्याहारको उपाय सुझाएर सकेसम्म सूत्रबद्ध बनाएका छन् ।

## निष्कर्ष

पाणिनि पूर्वीय भाषिक चिन्तन परम्पराका कालजयी वैयाकरण हुन् । यिनले इ.पू. ४५०–४०० का बिचमा तत्कालीन वैदिक संस्कृत र जनबोली (लौकिक) संस्कृतमा प्राप्त भाषिक प्रचलनलाई तथ्याधारित बनाई अष्टाध्यायीमा सूत्रबद्ध गरे । अष्टाध्यायीको सबैभन्दा विशिष्ट पक्ष भनेकै सूत्रहरूको व्यवस्थित र प्रविधिपूर्ण प्रस्तुति हो । यिनले मूलत : छ प्रकार (संज्ञा, परिभाषा, विधि, नियम, अतिदेश, अधिकार) मा सूत्र विधान गरे । व्याकरणिक प्रयोजनका निम्ति कुनै खास संरचनालाई दिइएको नामकरण नै संज्ञा सूत्र हो । सामान्य सूत्रमा विधान गरिए बमोजिम व्याकरणिक प्रकार्य सम्पन्न नहुने अवस्था भए विशेष सुविधा प्राप्त सूत्र आकर्षित हुने अवस्था पनि हुन्छ । यस्तो अवस्थामा प्रयोगमा आउने परिभाषा सूत्र हो । रूपसिद्धिका क्रममा सम्पन्न हुने प्रक्रियालाई नै नियमन र विधान गर्ने विधि सूत्र हुन् । अष्टाध्यायी व्याकरणमा यस्ता विधि सूत्रको प्रयोग तुलनात्मक रूपले धेरै पाइन्छ । कुनै खास वा विशिष्ट अवस्थाका निम्ति वा अपवाद जस्तै अवस्थामा प्रयोगमा ल्याइएका सूत्र नियम सूत्र हुन् । अधिकार सूत्र विशेषतः अवधारणात्मक शीर्षकीय भूमिकायुक्त सूत्र हुन् । समान प्रकार्यसँग सम्बन्धित सूत्रलाई क्रमिक रूपले राख्नु पर्ने अवस्था आएमा यस्तो शीर्षकीय योगदान गर्ने गरी राखिने सूत्र अधिकार र तत्सम्बद्ध सूत्र अधीनस्थ हुन्छन् । अन्य सूत्रमाथिको विशेषाधिकार प्राप्त सूत्र अतिदेश हुन् । यिनले अरू सूत्रमाथि सकारात्मक हस्तक्षेप गर्छन् । यी सूत्रका बिचको प्रविधिगत समन्वय निर्माणमा पाणिनिले अध्याहार र अनुवृत्ति व्यवस्था प्रयोग गरेका छन् । आजको विज्ञानले आविष्कार गरेको कम्प्युटमा समेत अष्टाध्यायीको प्रविधिमा आधारित भई सफ्टवेयर निर्माण गरिएको छ । अवधारणागत व्याप्ति नै अध्याहार हो भने कोशीय वा निश्चित संरचनाको समेत तन्काइ अनुवृत्ति हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५५). *समसामयिक नेपाली व्याकरण* (दोस्रो संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम (सन् २००७). *संस्कृत हिन्दी कोश* (दोस्रो संस्क.). दिल्ली : मोतीलाल वनारसीदास ।

आचार्य, व्रतराज (२०६३). व्याकरणका प्रमुख अवधारणा. *नुटा जर्नल,* ४(४), ८३–९१ ।

आचार्य, व्रतराज (२०७२). *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

उपाध्याय, द्रोणकुमार (२०६५). *भाषिक चिन्तन.* काठमाडौँ : यशवन्त पौडेल ।

गौतम, देवीप्रसाद र लुइटेल, खगेन्द्रप्रसाद (२०५३). *ध्वनिविज्ञान र वर्णविज्ञान.* काठमाडौँ : नवीन प्रकाशन ।

गौतम, नारायणप्रसाद (२०६५). *केही वैदिक सूक्तहरूको विश्लेषण.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

घिमिरे, जनार्दन (सन् २०१३). शब्दार्थक पाणिनीय धातु र तदनुरूप पाश्चात्य प्रयोग. *प्रस्पेक्टिभ अन हाइयर एजुकेसन,* ८, ९६–१०१ ।

चौलागाईं, प्रेम (२०७२). भाषाविज्ञानको उपजीव्य ग्रन्थ : अष्टाध्यायी. *आकुञ्चन,* ७(७), ४१-५६ ।

चौलागाईं, प्रेम (२०७०). पाणिनि, चम्स्की र फिल्मोरका कारकीय मान्यता. *आकुञ्चन,* ५(५), १०१–११२ ।

जोशी, श्रीसदाशिवशास्त्री र झा, श्रीरामचन्द्र (सन् १९९५). *मध्यसिद्धान्तकौमुदी.* वाराणसी : चौखम्बा अमरभारती प्रकाशन ।

ढकाल, मतिप्रसाद (२०६४). तत्सम नेपाली तद्दितान्त प्रातिपदिकमा आदि र अन्त्य स्वरको परिवर्तन. *गरिमा,* २६(४), १०२–१०५ ।

द्विवेदी, कपिलदेव (सन् २०१०). *भाषविज्ञान एवं भाषाशास्त्र* (दसौं संस्क.). वाराणसी : विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१). *भाषाविज्ञानको रूपरेखा.* धरान : नेपाल बुक डिपो ।

पोखरेल, माधवप्रसाद (२०६४). *नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनिपरिचय.* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान* (नवौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय* (चौथो संस्क.). काठमाडौँ : एकता बुक डिस्टिब्युटर्स प्रा. लि. ।

शास्त्री, देवप्रकाशपातन्जल (सन् २०१२). *अष्टाध्यायी प्रकाशिका.* देहली : पाणिनिअनुसन्धानमन्दिरस्य ।

http/www.snaskritdocument.org -3 julay, 2009.